म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

**SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १२५ २०८० चैत १३ गते मंगलबार 26 March 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेंलो लागेको देखिएमा सबै समुदाय मिली तत्काले डढेंलो निभाऔं । डढेंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## निजी विद्यालयका शुल्कमा कडाइ गर्न स्थानीय तहलाई शिक्षा मन्त्रालयको परिपत्र

काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका (संस्थागत) विद्यालयमा शुल्क निर्धारण एवम् छात्रवृत्तिका सम्बन्धमा विभिन्न व्यवस्थाहरु सुनिश्चित गर्न विभिन्न निर्देशनहरु दिएको छ । मन्त्रालयले विशेषगरी निजी तथा संस्थागत विद्यालयले निःशुल्क शिक्षाका सम्बन्धमा लागु गर्नपर्ने कानुनी व्यवस्थाहरु कार्यान्वयनमा कडाइ गर्न स्थानीय तहलाई निर्देशित गरेको हो ।

विभिन्न नाममा जथाभावी शुल्क असुल्ने काम रोक्न समेत आग्रह गर्दै सबै स्थानीय तहलाई मन्त्रालयले पत्र लेखेको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठको मन्त्रीस्तरीयअनुसार परिपत्र भएको छ । मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐनमा निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धमा स्थानीय तहले काम गर्नुपर्ने व्यवस्था भएकोले सोही बमोजिम स्थानीय तहबाट स्वीकृत कानून (मापदण्ड वा निर्देशिका वा कार्यविधि वा अन्य) समेतका आधारमा सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका विद्यालयमा शुल्क निर्धारण एवम् छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न भनेको छ ।

यस्तै अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ५ अनुसार सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापत कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने व्यवस्थालाई सोही बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्ा पनि मन्त्रालयले स्थानीय तहहरुलाई निर्देशन दिएको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख अनुसार प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालविकास कक्षादेखि १२ कक्षासम्मका ५ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा १० प्रतिशत, ५ सयदेखि ८ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा १२ प्रतिशत र ८ सयभन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तीमा १५ प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था कार्यान्वयन गराउन पनि मन्त्रालयले निर्देशन दिएको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ११ र १२ मा उल्लेख भएअनुसार स्थानीय तहका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा छात्रवृत्ति व्यवस्थापन समिति गठन र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नियमानुसार प्रदान गरिने छात्रवृत्ति र विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्ने गराउने व्यवस्था गर्न पनि स्थानीय तहलाई मन्त्रालयले निर्देशित गरेको छ । शुल्क निर्धारणका आधारहरुको प्रयोग गरी तोकिएको नियमअनुसार निजी लगानीका (संस्थागत) विद्यालयको शुल्क निर्धारण गर्न पनि स्थानीय तहलाई भनिएको छ ।

निजी लगानीका (संस्थागत) विद्यालयहरुले शिक्षा नियमावली २०५९ को नियम १४६ ले तोकेका शीर्षक (मासिक पढाइ, वार्षिक भर्ना, परीक्षा, कम्प्यूटर, स्थानान्तरण प्रमाण पत्र, विशेष प्रशिक्षण, आवाश, परिवहन र भोजन शुल्क)बाहेक शुल्क लिन नपाइने व्यवस्था पनि मन्त्रालयले स्थानीय तहलाई हेर्न भनेको छ । संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार शुल्कको अधिकतम सीमा, कायम गरी तोकिए बमोजिम शुल्क निर्धारण गर्ने गराउने व्यवस्था कार्यान्वयन गर्न निर्देशनमा भनिएको छ ।

'विद्यालयहरुले आफ्ना विद्यार्थीहरुलाई विद्यालय परिसरभित्रै वा विद्यालयले तोकेको स्थान/पसलबाट पुस्तक, स्टेसनरी, पोशाक लगायतका सामग्री खरिद गर्न अनिवार्य गर्ने गरेको जनगुनासो प्राप्त हुन आएकोले यस खालको कार्य अविलम्व बन्द गरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने अवसर प्रदान गर्ने गराउने व्यवस्थाका लागि आवश्यक सहजीकरण हुन,' परिपत्रमा भनिएको छ ।

विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्ति र संस्थागत विद्यालयको शुल्क सम्बन्धी विवरण तथा सोको कार्यान्वयनको अवस्था बारे स्थानीयस्तरमा सम्बन्धित गाउँ तथा नगरपालिकाबाट र जिल्लास्तरमा अनुगमनको व्यवस्था गर्न पनि परिपत्रमा भनिएको छ । शुल्क र छात्रवृत्तिको विवरण सम्बन्धित विद्यालय र गाउँ तथा नगरपालिकाबाट वेबसाइट वा अरू माध्यमबाट सार्वजनिक गर्न र यी विषयलाई विद्यालयको मूल्याङ्कनको आधार बनाउन स्थानीय तहलाई पत्रमार्फत अनुरोध गरिएको छ। *(स्रोत: अनलाइनखबर)*

## जरायोटारमा बाघले गाई मार्‍यो

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-७, मनसाही जरायोटारमा बाघले गाई मारेको छ। जरायोटारका ६५ वर्षीय रुद्रबहादुर रानाको ४ वटा गाई बाघले मारेको मकवानपुर प्रहरीले जनाएको छ ।

बागमती गाउँपालिका-७ स्थित मनकामना सामुदायिक वनमा सोमबार दिनको ४ बजे गाई मृत भेटिएको हो । शुक्रबार वन क्षेत्रमा चराउन छाडेको गाई घर फर्की नआएपछि खोजी गर्दै जाने क्रममा सोमबार गाई मृत भेटिएको प्रहरीले जनाएको छ । बाघले २ वटा बाघको आधा भाग खाएको अवस्थामा र २ वटा मारेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

## अवैध १० बोरा युरिया मल बरामद

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट प्रहरीले अवैध १० बोरा युरिया मल बरामद गरेको छ। आइतबार दिउँसो २ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम सडकखण्डमा खटिएको प्रहरी चेकिङ टोलीले वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको ना ३ ख ७८२० नम्बरको यात्रुवाहक बसलाई सुरक्षा जाँच गर्दा बसभित्र १० बोरा युरिया मल फेला पारी नियन्त्रणमा लिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। युरिया मल नियन्त्रणमा लिई प्रहरी चौकी रातोमाटेमा राखेको र बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ।

## बालक मृत फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-११, जामुनेमा एक जना बालक मृत फेला परेका छन् । ईन्द्रावती नदीमा काभ्रेपलाञ्चोक मन्डनदेउपुर नगरपालिका-१२, ठुलीबेसी बस्ने १३ वर्षीय दिलभ पराजुली मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

आइतबार बेलुका ५ बजेर २० मिनेटको समयमा स्थानीयले शव घोप्टो अवस्थामा देखी खबर गरेको प्रहरीले जानकारी दिएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

## अफिमसहित दुई जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध अफिमसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा थाहा नगरपालिका-८ का ५४ वर्षीय तेजबहादुर थिङ र थाहा नगरपालिका-११ का ४३ वर्षीय शरण लामा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शनिबार दिउँसो ३ बजेको समयमा हेटौंडा-१० स्थित एक खाजाघरमा इलाका प्रहरी कार्यालय पशुपतिनगर र लागूऔषध ब्युरो शाखा पर्साबाट खटिएको संयुक्त टोलीले दुबै जनालाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । उनीहरुको साथबाट २ केजी अफिम फेला पारी बरामद गरेको र थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको प्रहरीले जनाएको छ।

## हेटौंडामा आधारभूत तहको परीक्षा सकियो



*फाईल तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकामा आधारभूत तहको (कक्षा-८) को वार्षिक परीक्षा सकिएको छ। चैत ४ गते आईतबारबाट सुरु भएको परीक्षा चैत १० गते शनिबार सकिएको हो ।

हेटौंडा उपमहानगरपालिकाका ८३ वटा विद्यालयका तीन हजार ८ सय ५२ जना विद्यार्थीले आधारभूत तहको परीक्षा दिएको हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका अधिकृत हरिचन्द्र सापकोटाले जानकारी दिनुभयो । सापकोटाका अनुसार परीक्षाको नतिजा चैतको अन्तिममा प्रकाशन हुनेछ । आधारभूत तहको परीक्षामा आधुनिक राष्ट्रिय माविबाट २ जनाले मात्र परीक्षा नदिएको अधिकृत सापकोटाले जानकारी दिनुभयो। सापकोटाका अनुसार आधारभूत तहका परीक्षा दिएको कपी विद्यालयले जाँच गरिसकेपछि नगरपालिकाले पनि जाँच गरेपछि मात्रै परीक्षाको नतिजा प्रकाशन हुने जानकारी दिनुभयो ।

## जाजरकोटमा भूकम्पले भत्काएका विद्यालय पुनर्निर्माण गर्न जुट्यो बजेट

काठमाडौं: अर्थ मन्त्रालयले जाजरकोट भूकम्पका कारण ध्वस्त विद्यालय भवन पुनः निर्माणका लागि आवश्यक रकम व्यवस्थापन गर्ने भएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको बजेटबाट शैक्षिक संस्थाका भवन पुनः निर्माण गरिने भएको हो । सोमबार अर्थमन्त्री वर्षमान पुन र शिक्षामन्त्री सुमना श्रेष्ठसहित दुवै मन्त्रालयका प्रशासनिक नेतृत्वबीच अर्थ मन्त्रालयमा भएको छलफलमा सो सहमति भएको हो ।

भूकम्पका कारण जाजरकोट, रुकुमपश्चिम र बझाङमा गरी ७ सय बढी विद्यालय भवन भग्नावशेषमा परिणत भएका थिए । छलफललगत्तै अर्थमन्त्री पुनले चालु आर्थिक वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि विनियोजन भएर खर्च हुन बाँकी रहेको रकम विद्यालय भवन पुनः निर्माणमा खर्च गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । जाजरकोटको बारेकोट गाउँपालिका-१ लामिडाँडा केन्द्रबिन्दु भएर गत १७ कात्तिक राति ६.४ रेक्टर स्केलको भूकम्प गएको थियो । भूकम्पबाट तीन जिल्लामा पूर्ण र आंशिक गरी करिब ७ सय विद्यालय भवन भत्किएका थिए ।

यस्तै दुई मन्त्रालयबीच आगामी आर्थिक वर्ष २०८१/८१ देखि राष्ट्रपति शैक्षिक सुधार शीर्षकमा बजेट विनियोजन नगर्ने सहमति भएको छ । सरोकार वालाबाटै उक्त कार्यक्रम प्रभावकारी नभएको गुनासो पटक-पटक आउने गरेको थियो । यद्यपि आगामी आर्थिक वर्षमा नवप्रवर्तन शीर्षकमा भने बजेट वृद्धि गरिने अर्थमन्त्री पुनले बताए । 'परिणाम नदिने खालका कार्यक्रम हटाएर नवप्रवर्तनलगायत नयाँ कार्यक्रममा बजेट बढाउने नीति लिइनेछ,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

## पत्रकार महासंघ मकवानपुरको साधारणसभा चैत्र २५ गते हुने

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको वार्षिक साधारणसभा चैत २५ गते आइतबार हुने भएको छ।

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको निर्देशन तथा महासंघको शनिबार बसेको कार्यसमिति बैठकले २५ गतेलाई साधारणसभा गर्ने निर्णय गरेको महासंघका अध्यक्ष मणिराज गौतमले जानकारी दिनुभयो । महासंघको १८ औं वार्षिक साधारणसभा तथा १२ औं अधिवेशन पल्पसा सदनमा हुने गौतमले बताउनुभयो।

## रास्वपा मकवानपुरले आफ्नै मन्त्रीलाई बुझायो सुझावपत्र


*शिक्षामन्त्री सुमना श्रेष्ठलाई सुझाव हस्तान्तरण गर्दै रास्वपा मकवानपुरका नेताहरु ।*

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले पार्टीबाट सरकारमा सहभागी चार मन्त्रीलाई सुझावपत्र बुझाएको छ। गत सोमबार र मंगलबार हेटौंडामा संकलनमा गरिएको सुझावहरु चार मन्त्रीलाई बुझाएको हो ।

रास्वपा मकवानपुरले पार्टीका सभापतिसमेत रहनुभएका नेपाल सरकारका उपप्रधान एवम् गृहमन्त्री रवि लामिछाने, शिक्षामन्त्री सुमना श्रेष्ठ, युवा तथा खेलकुदमन्त्री विशालभक्त श्रेष्ठ र श्रम तथा सामाजिक सुरक्षामन्त्री डीपी अर्यालका लागि छुट्टाछुट्दै पुस्तिकामा सुझाव संकलन गरिएको थियो । संकलन भएका सुझावहरुमध्ये शुक्रबार शिक्षामन्त्री सुमना श्रेष्ठलाई बुझाएको र बाँकी तीन मन्त्रीहरुलाई शनिबार पार्टीकै कार्यक्रममा बुझाएको पार्टी मकवानपुरका संगठन विभाग प्रमुख विशालराज महतले बताउनुभयो ।

सुझावपत्र बुझ्नुहुँदै पार्टी सभापति एवम् गृहमन्त्री लामिछानेले सुझावहरुको कार्यान्वयन गरिने बताउनुभएको छ । गृहमन्त्रीका लागि सुझावपत्रमा भ्रष्टाचारीहरुलाई पक्राउ गर्नुपर्ने, स्थानीयस्तरमा होटल व्यवसायलाई राति १०-१२ बजेसम्म सञ्चालन गर्न र सुरक्षा दिनुपर्ने, आर्थिक चहलपहल हुने वातावरण सिर्जना गर्न सुझाव दिइएको छ । उहाँले पार्टीबाट सुरु हुनुपर्ने काम मकवानपुरबाट सुरु गरेको भन्दै प्रशंसासमेत गर्नुभयो ।

यस्तै, शिक्षामन्त्री सुमना श्रेष्ठले सुझावपत्र बाचन गरेर सुनाउनुभएको थियो । सुझावपत्रमा कक्षा १२ सम्म अझै निःशुल्क शिक्षा घोषणा हुन नसकेको र हालको शिक्षा नीति परिवर्तन हुनुपर्ने सुझाव समावेश थियो । खेलकुदमन्त्री श्रेष्ठलाई मकवानपुरमा निर्माणाधीन रंगशालाको कार्य चाँडै सकाउन र सबै खेललाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षमा नीति तथा कार्यक्रम ल्याउन, खेलाडीहरुलाई पनि उचित पारिश्रमिक र खेलकुदमा राजनीतिक नियुक्तिलाई बन्द गर्नुपर्ने सुझाव संकलन भएको थियो । यस्तै, श्रममन्त्री अर्यालका लागि युवाहरुका लागि स्वदेशमा रोजगारीको अवसर हुनुपर्नेजस्ता सुझावहरु संकलन भएको थियो। सुझावपत्र बुझाउने कार्यक्रममा पार्टी प्रदेशका प्रवक्ता उत्सव अर्याल र मकवानपुरका सभापति भरत पराजुलीलगायतको उपस्थिति रहेको थियो।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सम्पादकीय

# उल्टो गतिमा अभियान

हाम्रो देश नेपालमा धेरै कुरामा तालमेल मिल्ने गरेको छैन । सरकारले नै लागू गरेका धेरै कार्यक्रमहरुमा उचित तालमेल नहुनुले त्यसको परिणाम पनि प्रभावकारी हुने गरेको छैन । विगतमा सरकारले कार्यान्वयनमा ल्याएको खुला दिशामुक्त घोषणा अभियानदेखि अहिले चलिरहेको बालमैत्री स्थानीय शासनसम्मका कार्यक्रमहरुको अवस्था त्यस्तै देखिएको छ । विदेशी दातृ निकायको आग्रह र योजनामा सरकारले आवश्यक पूर्वाधार र तयारीबिना नै यस्ता अभियान सञ्चालन गर्दै जाने हो भने भविष्यमा यस्ता अभियानप्रति आम नागरिकको विश्वास अझ कम हुँदै जाने निश्चित छ । राजमार्ग र अन्य सार्वजनिक स्थानमा पर्याप्त शौचालयको व्यवस्था नै नगरी खुला दिशामुक्त घोषणा गरिएका कारण अहिले पनि त्यसले सार्थकता पाउन सकेको छैन । अहिले घोषणा भइरहेको बालमैत्री स्थानीय शासन अभियानमा पनि बालश्रममुक्त घोषणाबिना नै बालमैत्री घोषणा गरिनुले त्यसको सार्थकता नहुने निश्चित छ ।

करिब ४ वर्षअघि नै देशकै पहिलो बालमैत्री गाउँपालिकाको रुपमा मकवानपुरको मनहरी बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा भएको हो । त्यसको करिब एक वर्षपछि मकवानपुरकै बकैया गाउँपालिकालाई पनि बालमैत्री घोषणा गरिएको छ । त्यसपछि मकवानपुरगढी गाउँपालिका बालमैत्री घोषणा भएको छ भने हेटौंडा उपमहानगरपालिका बालमैत्री घोषणाको अभियानमा छ । गत मंसिरभित्रै बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा गर्ने लक्ष्य राखेको उपमहानगरपालिकाले भर्खर बालमैत्री विद्यालय घोषणा गर्न सुरु गरेको छ । बालमैत्री विद्यालय, वडा हुँदै बालमैत्री स्थानीय तह घोषणा गरिनेछ । बालमैत्री घोषणाका लागि पूरा गर्नुपर्ने ५१ वटा सूचकमध्ये बालश्रममुक्त र बालविवाहमुक्त हुनुपर्ने सूचकसमेत रहेका छन् । तर, ती सूचक पूरा नभई बालमैत्री घोषणा भएका मनहरी र बकैयाले बल्ल बालश्रममुक्त घोषणासम्बन्धी कार्यविधिअनुसार काम गर्ने भएका हुन् ।

बालमैत्री घोषणा गरिएको करिब ३ वर्षपछि बकैया गाउँपालिकामा बालश्रम अन्त्यका लागि कार्यविधि कार्यान्वयन गर्ने तयारी गरेको छ । गाउँपालिकाले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि कार्यान्वयनका लागि आवश्यक काम गर्ने भएको हो । विकासका साझेदार संस्थाहरुले आयोजना गरेको बालश्रम निवारणमा क्षेत्रगत अवधारणा र स्थानीय तहको भूमिका विषयक प्रशिक्षण कार्यक्रममा गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ अनुरुप पालिकाले कार्य गर्ने बताएका हुन् । यस्तै, नेपालकै पहिलो बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा भएको मनहरी गाउँपालिकाले पनि बालश्रममुक्त अभियानमा रहेको बताएको छ । बालश्रम निवारणमा क्षेत्रगत अवधारणा र स्थानीय तह तथा शिक्षकको भूमिका विषयक कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष सीता पुलामी मगरले पालिकालाई बालश्रममुक्त गर्न आवश्यक काम भइरहेका बताएकी हुन् ।

बालमैत्री घोषणाका लागि बालबालिकाको मुख्य चार अधिकार क्षेत्र र संस्थागत विकाससम्बन्धी सूचकहरु निर्धारण गरिएका छन् । निर्धारित सूचक पूरा भइसकेपछि बालमैत्री घोषणा गर्नुपर्छ । तर, स्थानीय तहले व्यवहारिकरुपमा सबै सूचक पूरा नहुँदै बालमैत्री घोषणा गर्ने गरेका कारण यो अभियान उल्टो गतिमा चलिरहेको छ । पहिला बालमैत्री घोषणा गर्ने अनि बालश्रममुक्त घोषणातर्फ अग्रसर हुने उल्टो गतिले साधन स्रोतको दुरुपयोगमात्र भइरहेको छ । तोकिएका सबै सूचक व्यवहारिकरुपमा पूरा गर्न र गराउन स्थानीय सरकारले आवश्यक काम गर्नुपर्छ । सूचक पूरा भइसकेपछि बालमैत्री घोषणा नगरे पनि बालबालिकाले पाउने अधिकार पाउँछन् । तर, सूचकहरु पूरा नभई बालमैत्री घोषणा गर्दैमा बालबालिकाले अधिकार पाउन सक्दैनन् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : आकस्मिक रुपमा धन प्राप्ति हुने समय योग छ ।
- **वृष** : हाँके/ ताकेका कामहरु पूर्ण हुने समय योग छ ।
- **मिथुन** : व्यक्तिगत सुखसुविधामा खर्च बढ्ने योग छ ।
- **कर्कट** : यात्रा योग र भेटघाटमा समय व्यतित ।
- **सिंह** : आम्दानी खासै बढ्ने समय योग छैन ।
- **कन्या** : शरीरमा स्वस्थता र मनमा उत्साह बढ्ला ।
- **तुला** : काममा द्विविधा आइपर्न सक्ने योग छ ।
- **वृश्चिक** : नसोचेको स्थानबाट आर्थिक लाभ होला ।
- **धनु** : शरीरमा थकान र उत्साहमा कमी आउला ।
- **मकर** : आत्मीय मित्रसँग एकान्तमा बसेर रमाइएला ।
- **कुम्भ** : पुरुषार्थी कामले समाजमा स्थापित भइने छ ।
- **मीन** : आकर्षक बनिने समय योग रहेको छ ।

# नेपालमा गाँजा खेती



✍ललितकुमार यादव



सन् २०२० को अन्त्यतिर संयुक्त राष्ट्रसंघले गाँजालाई औषधीय गुण भएको वनस्पति मान्दै 'हानिकारक' समूहबाट हटायो । त्यसपछि नेपालमा पनि गाँजामाथिको प्रतिबन्ध फुकुवा गर्नुपर्ने आवाज उठ्न थाल्यो र यस विषयमा बहस सुरु भयो। कानुनी प्रतिबन्ध हटाउन संसद्मा प्रस्तावसमेत दर्ता भएको थियो ।

चालु आर्थिक वर्षको बजेट वक्तव्यमा औषधिजन्य प्रयोगका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिने भनेर उल्लेख गरिएको छ। गाँजा खेतीको सम्भाव्यता अध्ययन गर्ने घोषणाले केही सांसद उत्साहित भएका थिए । किसानहरूमा समेत उत्साह थपिएको थियो । आर्थिक पाटोबाट विश्लेषण गरी नेपालमा गाँजा खेतीलाई प्रोत्साहित गरिँदै आएको छ ।

बहसको केन्द्रमा 'अपराध बढ्छ कि आम्दानी' भन्ने विषय रहेको छ। फुकुवाको विरोध गर्नेहरू संगठित अपराध बढ्ने, युवा कुलतमा फस्ने, आर्थिक लाभभन्दा हानि धेरै हुने लगायतका तर्क गर्छन् । त्यसै फुकुवाको पैरवी गर्नेहरु गाँजा खेतीलाई छिटोभन्दा छिटो कानुनी दायरामा ल्याई किसानलाई अवसर दिनुपर्ने र उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पठाएर मुलुकले आर्थिक लाभ लिनुपर्ने तर्क गर्छन् ।

सन् १९६१ को मार्चमा संयुक्त राष्ट्रसंघको सम्मेलनले अन्तर्राष्ट्रिय सन्धि 'सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग, १९६१' पारित गरेको थियो । जसले गाँजालाई लागूऔषध मान्दै प्रतिबन्ध लगायो। नेपालले सो अभिसन्धिमा हस्ताक्षर गरेपछि सन् १९७६ मा लागूऔषध नियन्त्रणसम्बन्धी कानुन बनायो ।

सन् १९७३ सम्म नेपालमा गाँजाको खेती र उपयोग दुवै वैध थियो। आम्दानीको प्रमुख स्रोत पनि थियो । नेपाल विश्वभर का हिप्पीहरूमाझ गाँजा खरिद र प्रयोग गर्न लोकप्रिय थियो । वसन्तपुर दरबार अगाडिको सडक फ्रिक स्ट्रिट नामले चिनिन्थ्यो । यही सडकमा इजाजतप्राप्त एजेन्टहरुले पसल खोलेरै गाँजाका उत्पादन सार्वजनिक रुपमै बेच्ने गर्थ्यो ।

मुख्यतया मनोरञ्जन र औषधिका लागि गाँजाको प्रयोग गरिन्छ । मादक पदार्थका रुपमा परिचित गाँजालाई विभिन्न गम्भीर खालको रोगको उपचारमा समेत प्रयोग गर्न सकिन्छ । विश्व स्वास्थ्य संगठनले समेत गाँजामा औषधीय गुण रहेको जानकारी गराइसकेको छ। विश्वको करिब २.५ प्रतिशत जनसंख्याले गाँजाको प्रयोग गर्ने गरेका छन्। गाँजाको औद्योगिक प्रयोगसमेत तीव्र गतिमा फस्टाउँदै छ । कतिपय राष्ट्रले प्रयोगमा समेत ल्याइसकेका छन्। कतिपय राष्ट्र प्रयोगमा ल्याउने तयारीमा छन् ।

अथर्ववेदबाट १५०० इस्वीपूर्व नै गाँजालाई चिकित्साको रूपमा सुरुवाती प्रयोग गरिएको जानकारी पाउन सकिन्छ। आयुर्वेदिक औषधि उत्पादन गर्ने सिंहदरबार वैद्यखानाले समेत विभिन्न उत्पादनमा गाँजाको प्रयोग गर्ने गरेको र प्रयोग गर्दै आएका छन् । 'खान जानेमा औषधि, खान नजानेमा विष,' गाँजाको हकमा एकदमै उपयुक्त भनाइ रहेको छ।

मनोरञ्जन र औषधिका लागि गाँजाको वैधता देशअनुसार फरक-फरक छ। गाँजाको खेती, बिक्री-वितरण र कसरी उपभोग गर्ने, कस्तो चिकित्सा सर्तहरुका लागि प्रयोग गर्ने मामलामा अलग-अलग प्रावधान छ। अधिकांश देशले मनोरञ्जनका लागि गाँजाको प्रयोग गर्न प्रतिबन्ध लगाएका छन् । एसियाका केही देश र मध्यपूर्वी देशहरुमा गाँजासम्बन्धी कडा कानुन छ।

गाँजालाई वैधता प्रदान गर्ने अधिकांश देश सम्पन्न छन् । यस्तोमा नेपालजस्तो गरिब देशमा गाँजामाथिको प्रतिबन्ध फुकुवा गरेर आर्थिक लाभ लिनुपर्ने बहस चल्नु स्वाभाविक पनि हो। गाँजा उत्पादन तथा संकलनको प्रशस्त सम्भावना र विगतमा यसबाट प्रशस्त आम्दानी गरेको इतिहास रहेको देशले गाँजामाथिको प्रतिबन्ध कायम राखिराख्नुपर्ने कुनै कारण छैन । तर, प्रतिबन्ध फुकुवा गर्दा थपिन सक्ने चुनौतीका बारेमा बहस चलाउन जरुरी छ। चुनौतीको ख्यालै नगरी खालि आर्थिक पाटोमा मात्रै ध्यान दिनु उचित हुँदैन ।

सर्वप्रथम गाँजामाथिको प्रतिबन्ध आयुर्वेद वा अन्य औषधिजन्य उत्पादनका लागि फुकुवा गर्न सरकार स्पष्ट हुन जरुरी छ । आफ्नो बजार र बजारसम्म पठाउने बाटोको पहिचान गर्न सक्नुपर्छ । सरकारले अनुगमन, नियमन र नियन्त्रण गर्न सक्ने सक्षम संयन्त्रको व्यवस्था गर्न अत्यन्त जरुरी छ। गाँजामाथिको प्रतिबन्ध फुकुवा गर्नुअघि यी र यस्तै विषय तथा अन्तर्राष्ट्रिय सम्झौताहरूको सन्दर्भमा गहन विचार-विमर्श गर्न अत्यावश्यक छ।

गाँजाका लागि नेपालको भूमि उर्वर मानिन्छ । मधेस, पहाडदेखि माथि हिमालसम्म प्रशस्त रुपमा गाँजा उत्पादन गर्न सकिन्छ । यसबाट छोटो समयमै उत्पादन लिन सकिन्छ । उच्च पहाडी तथा तल्लो हिमाली क्षेत्रमा प्राकृतिक रुपमै गाँजा उत्पादन भइरहेको छ । नेपालमा प्राकृतिक रूपमै उत्पादन भइरहेको गाँजा विश्वकै सबैभन्दा गुणस्तरीय मानिन्छ, जसको मूल्य निकै चर्को छ ।

अहिलेको चलनचल्तीको मूल्यले हिसाब गर्ने हो भने वार्षिक खर्बौं रुपैयाँको गाँजा नेपालमा खेर गइरहेको छ । कोही-कोहीले लुकीछिपी चरेस बनाएर बेच्ने गरेका छन् । गाँजाको फल संकलन गरेर बिक्री गर्ने प्रचलन पनि छ । गाँजाको फल अचार र तेलका लागि व्यापक प्रयोग हुँदै आएको छ। गाँजाबाट औषधि, कपडा, कागज, खाद्य आदि उप उत्पादन गरी नाफामूलक व्यापार पनि गर्न सकिन्छ ।

गाँजा खेतीका फाइदालाई कसैले नकार्न सक्दैन, कसैले नकारेका पनि छैनन् । नेपालजस्तो कृषिप्रधान देशले कृषिबाटै समृद्धितर्फ अघि बढ्नुपर्छ । यसमा गाँजा धेरै हदसम्म सहयोगी साबित हुनेमा कुनै शंका छैन । तर गाँजा खेतीका लागि खेतीयोग्य जमिन ओगट्नु कतिको उपयुक्त होला भनेर एकपटक सोच्न जरुरी छ । पहिले प्राकृतिक रूपमै उम्रेको तर खेर गइरहेको गाँजा संकलन गर्ने र संकलित गाँजाले बजारको माग धान्न नसकेमा मात्र गाँजा खेतीतर्फ सोच्नु उपयुक्त होला कि भनेर सरकारले सोच्नुपर्ने देखिन्छ ।

कृषिबाट किसान विस्थापित हुनुपर्ने नेपालको कृषिक्षेत्रको विद्यमान अवस्था छ। गाँजा खेतीमाथिको प्रतिबन्ध हटाउँदा गाँजा खेतीले किसानलाई सजिलै आकर्षित गर्छ। यसले गाँजाको उत्पादन बढाउने र खाद्यान्नको उत्पादन ह्वात्तै घटाउनेमा कुनै शंका छैन। नेपालको कुल कृषियोग्य भूमिमध्ये ७ प्रतिशत मात्र बाँझो छ, तर, कृषि उत्पादनमा देश आत्मनिर्भर बन्न सकेको छैन। अत्यधिक मात्रामा खाद्यान्न आयात गरेर आन्तरिक मागको आपूर्ति गर्नुपरेको छ। यसले मुलुक झन् आयातमा भर पर्नुपर्ने अवस्थाको सिर्जना गर्छ ।

तसर्थ गाँजा खेतीभन्दा जंगलको प्राकृतिक गाँजा संकलनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। गाँजालाई वैधता प्रदान गर्ने नाममा अनियन्त्रित खेती र उपयोगलाई कुनै हालतमा छुट दिनु हुँदैन । पहाडी तथा हिमाली भेगका जंगलको लाखौं हेक्टर क्षेत्रमा प्राकृतिक रूपमा नै गाँजा उम्रने र फल्ने गरेको छ । ती गाँजाले विश्वको बजार धान्न सक्छ । जंगलमा प्राकृतिक रुपमै उम्रिने गरेका गाँजा संकलनका लागि कोटा प्रणाली लागू गरे मात्रै पुग्छ । खेतीयोग्य जमिन ओगट्नै पर्दैन। नेपालमा गाँजा खेती गरिरहनु नै पर्दैन ।

गाँजाबाट आर्थिक लाभ लिने अवसरबाट नेपाली जनतालाई वञ्चित गर्नु हुँदैन । त्यसका लागि गाँजा खेतीमाथिको प्रतिबन्ध कायम राखेर गाँजा संकलन र गाँजामाथिको प्रतिबन्ध फुकुवा गर्न सकिन्छ । गाँजा संकलन र उपभोगको स्पष्ट योजनासहित गाँजालाई आयको आकर्षक स्रोतको रुपमा विकास गर्न सकिन्छ र सक्नु पनि पर्छ। *(स्रोत: कारोबारदैनिक)*

# गठबन्धनको च्याखे र रास्वपा



✍जगन्नाथ लामिछाने

देशमा अब केही राम्रो हुँदैन भन्ने सोचले हाम्रो मनोविज्ञानलाई निकै गहिरोसँग प्रभावित पारेको छ । आफ्नो उमेर समूह अनि सीप क्षमता अनुसार देश छाडेर हिंड्न अहिले सबै नागरिकहरुमा ठूलो उकुसमुकुस देखिन्छ । सन् २०२३ मा मात्र १७ लाखभन्दा बढी नेपालीले अवसरको खोजीमा देश छाडेको तथ्यांक छ। भ्रष्टाचारमा पहुँच पुग्नेहरु, दलीय स्वार्थ समूहका सदस्यहरु र बिचौलियाहरुको लागि मात्र यो देश स्वर्ग बनिरहेको छ ।

विस्तारै १८ देखि ४० वर्ष उमेर समूहका युवाहरू देशमा भेट्टाउन गाह्रो हुने अवस्था देखिंदैछ । अहिले नै देशभित्र युवाहरु रित्तिंदै जाँदा यसको प्रभाव उच्च शिक्षामा भर्ना हुने विद्यार्थी संख्या, आन्तरिक पर्यटन, होटल व्यवसाय तथा रेस्टुरेन्टहरूमा देखिन थालिसकेको छ ।

अहिलेको नेपाली समाज निराशता, हीनताबोध, उकुसमुकुस तथा किंकर्तव्यविमूढको मनोविज्ञानमा जेलिएको छ तर पनि मान्छेहरूमा आक्रोश देखिंदैन । कतै देशमा अब केही हुँदैन भन्ने चरम निराशाका कारण नेपालीहरू रिसाउन पनि छाडेका त होइनन् ?

आर्थिक अवसर र सुरक्षालाई लिएर समाजमा देखा परिरहेको निराशा आजको भोलि विकसित भएको होइन । सामूहिक रूपमा निराश वा आशावादी हुन धेरै पटक हामीले समान खालका घटनाहरू अनुभव गर्नुपर्ने हुन्छ। राजनीतिक दल र नेतृत्वले बारम्बार देखाएका झुटा सपना तथा धोकाको शृंखलाहरूले आजको निराशाजनक अवस्था आएको हो ।

अर्थशास्त्रीय दृष्टिकोणमा हाम्रो सामूहिक निराशाका कारणहरू व्यक्तिभन्दा ठूला छन् र यो प्रत्यक्ष रुपमा हाम्रो राज्यको संरचनासँग जोडिएको छ । देशभित्रको सानो बजार, आन्तरिक उत्पादन निकै कम हुनु, आयातमुखी अर्थतन्त्र, व्यवसाय गर्न अप्ठ्यारै अप्ठ्यारो मात्र; बिचौलिया अनि भ्रष्टाचारमैत्री कर्मचारीतन्त्र, न्यायालय तथा राजनीतिक दलहरु जस्ता कुराहरूले आम नागरिकहरूमा निराशा मात्र बढाएको छ।

तीस-चालीस वर्षसम्म दलीय नेतृत्व गरेर पटक-पटक असफल हुँदा पनि अहिले प्रायः तिनै पात्रहरु राष्ट्रिय राजनीतिको केन्द्रमा छन्। उनीहरु आफ्नो असफलताको लागि न त दण्डित छन् न त नेतृत्वबाट विस्थापित नै। अझै यो वा त्यो बहानामा आम नागरिकहरूलाई झुक्काउन सफल छन् ।

यही निराशा र आक्रोशको बीचमा हामी फरक हौं र फरक परिणाम ल्याउने गरी काम गर्छौं भनेर उदाएको पार्टी हो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) । 'अब जान्नेलाई छान्ने' भन्ने राजनीतिक नारा दिएर चुनावको मुखमा उदाएको नयाँ राजनीतिक दलले आम मानिसको मन जितेर चौथो ठूलो दल पनि बन्न पुग्यो । कांग्रेस, एमाले र माओवादीसँग आजित नागरिकहरूले एउटा विकल्पको रूपमा रास्वपालाई आफ्नो विद्रोही मत दिए ।

रास्वपासँग नागरिकको अपेक्षा ठूलो छ । सुशासन, राम्रो शिक्षा र स्वास्थ्य, पर्याप्त रोजगारीको अवसर, उद्यम गर्ने वातावरण, समय सुहाउँदो भौतिक पूर्वाधारको विकास अहिले नागरिकले पालेका अपेक्षा हुन्। रास्वपाको बाचापत्र यिनै विषयहरुले भरिभराउ छ ।

चौथो ठूलो दलको नाताले गठबन्धनको सरकारमा दुई-दुई पटक सामेल भइसकेपछि रास्वपाले गठबन्धनको राजनीतिक संस्कार, आफ्नै पार्टी र देशको भविष्यको बारेमा धेरै प्रश्न उठाएको छ।

पुराना दलहरुसँगै गठबन्धन गरेर यो देशका समस्या समाधान गर्न सकिने हो भने नयाँ राजनीतिक दलहरुको औचित्य अर्को आम निर्वाचन अगाडि नै समाप्त हुनेछ । वास्तवमा, हाम्रा समस्याहरु पुराना दलहरुभित्र छन्, पुराना दलहरुमा नेतृत्वले बोकेको सोच र कार्यशैलीभित्र छ, कर्मचारी संरचनाभित्र छन्, सार्वजनिक सेवाका लागि निर्माण गरिएका संस्थाहरुभित्र छन् । दुःखको कुरा, देशलाई असफलता र निराशाको भुमरीमा घुमाइरहेका दलहरु र नेतृत्वलाई वैधता प्रधान गरेर रास्वपाले आफूलाई यही राजनीतिक संस्कारको एउटा हिस्सा सावित गरिसकेको छ ।

पुराना दलहरु गलत राजनीतिक दर्शन र पार्टीभित्र असल क्षमतावान् मान्छेहरूको कमि भएर असफल बनेका होइनन्। सबै राजनीतिक दलहरु समाजमा आशा देखाएर अनि सामाजिक-राजनीतिक मुद्दाहरूकै नेतृत्व गरेर उदाएका हुन् । रास्वपाको तुलनामा अहिलेका ठूला दलहरु कांग्रेस, एमाले र माओवादी निकै संघर्षपूर्ण तथा त्यागको बाटो पार गर्दै आएका हुन्। यस्ता दलहरू पनि आजको दिनमा देशको सामाजिक आर्थिक रूपान्तरणको लागि अयोग्य देखा परेका छन् ।

दलभित्र असल र क्षमतावान्

....बाँकी पृष्ठ ३ मा



**प्रधानमन्त्रीलाई निम्तोः** हेटौँडामा हुन लागेको निर्माण व्यवसायी महासंघको साधारणसभामा प्रमुख अतिथिको रुपमा सहभागी भइदिन सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई निम्तो दिँदै महासंघका पदाधिकारीहरु । यही चैत १६ र १७ गते दुईदिन हेटौँडामा महासंघको साधारणसभा हुँदैछ ।


# मकवानपुर बाल विद्या सदन

हेटौँडा-१८, खड्कुले

शैक्षिक सत्र २०८१ का लागि

भर्ना खुल्यो



नर्सरी कक्षादेखि यूकेजीसम्म भर्ना खुल्यो ।

१ कक्षादेखि ९ कक्षासम्मको फर्म वितरण खुला ।

मकवानपुर बालविद्या सदन


# सुकुम्बासी बस्तीमा हावाहुरीको डर

भजनी (कैलाली): कैलाली जिल्लाको टीकापुर नगरपालिका-१ एकतानगर शिविरकी शारदा विश्वकर्मालाई गर्मी मौसम सुरु भएसँगै चिन्ताका दिन सुरु भएको लाग्छ। शारदालाई शिविरमा सुकेका ठूला रुख कतिबेला घरको छानामाथि खसेर ज्यान जाने हो भन्ने त्रासले १७ वर्षदेखि पिरोल्दै आएको छ। वर्षौंदेखि सुकेका रुख कतिबेला भुइँमा खस्छन् भन्ने ठेगान हुँदैन।

'गर्मी मौसममा हावाहुरीले रुख ढल्दा ज्यान गएका घटना आँखा अगाडि ताजै छन्, त्यो घटनाबाट बर्सेनि त्रासमा जीवन बिताउनुपर्ने बाध्यता हाम्रा अगाडि छ', उनी भन्छिन्, 'गर्मी मौसम सुरु भएदेखि वर्षायाम नसकिँदासम्म हाम्रा दु:खका दिन समाप्त हुँदैनन् ।' वर्षौंदेखि पुनःस्थापनको पर्खाइमा बसेकी शारदाजस्ता सयौँ परिवार आज पनि त्यसैको पर्खाइमा रहेका छन्। टीकापुर बहुमुखी क्याम्पसको जग्गा अतिक्रमण गरेर बसोबास गर्दै आएका सुकुम्बासी आज पनि आफूहरुको पुनःस्थापन हुन्छ भन्ने आशामा छन् ।

टीकापुर नगर विकास समितिको मातहतमा रहँदा सो क्षेत्र जङ्गल थियो । क्याम्पसको नाममा हस्तान्तरण भएको केही समयमै तीन सय बिघा जग्गा अतिक्रमणमा परेपछि बर्सेनि स्थानीयले रुखको फेदका बोक्रा निकालेर रुख सुकाउने काम गरेका कारण आज उजाड बनिसकेको छ। शिविर बस्तीमा सुकेका रुख छन्। शिविरमा हरिया रुख नभए पनि सुकेका रुख कतिबेला ढल्ने हुन् भन्ने पत्तो हुँदैन। गर्मी मौसममा आउने हावाहुरीले त्यसरी सुकेका रुख ढल्ने र घरमुनि खसेर यसभन्दा अगाडि कैयौँ धनजनको क्षति भइसकेको छ । सोही शिविरमा १६ वर्ष बिताएकी विन्दु परियारको पीडा पनि शारदाको भन्दा फरक छैन । 'हावाहुरी आउँदा घर बाहिर भाग्नुपर्ने स्थिति छ, दिनमा घर बाहिर भागे पनि रातिको समयमा कता भाग्ने ?', विन्दु भन्छिन्, 'अन्त कतै जाउ भने जाने ठाउँ छैन, यतै बस्दा ज्यान जोगाउन मुस्किल छ ।' सरकारले आफूहरुको व्यवस्थापनका लागि ध्यान नदिँदा पीडामा जीवन बिताउनुपर्ने बाध्यता आफ्ना अगाडि रहेको उनको बुझाइ छ। *(स्रोतः अनलाइनखबर)*

## गठबन्धनको...

व्यक्तिको कमि भएर पुराना दलहरु असफल भएका होइनन् । यिनीहरूले राज्य सञ्चालनका संस्थाहरू (state institutions) जस्तै संसद्, मन्त्रालय, राजनीतिक दलहरू आदिको दिगो जग, सामूहिक र संस्थागत क्षमताको विकास गर्न नसक्दा हामी सबैले आजको परिणाम भोग्नुपरेको छ । त्यसैले, गठबन्धनमा कुनै नयाँ दल र अनुहारहरु थपिँदैमा सरकार सञ्चालनको प्रकृतिमा त्यसले तात्विक फरक पार्न सक्दैन ।

यी पुराना दलहरूको असफलता र यसले राष्ट्रिय रुपमा निम्त्याएका परिणामहरु बुझ्न नखोजी यिनीहरूसँगै गठबन्धनको च्याँखे थाप्न जाने हतारोले रास्वपा जसरी उदायो, त्यसैगरी अस्ताउने बाटो रोजेको छ।

गठबन्धनको पक्ष बनेर भागबन्डामा मन्त्री हुनेहरूको नैतिक र राजनीतिक धरातल कमजोर हुन्छ र यो बाटो नै गलत हो । यसले मन्त्री पदको वजन र वैधानिकतालाई खल्लो बनाइदिएको छ । गठबन्धनको सरकारमा रहेर मन्त्रीहरूले दैनिक प्रशासनिक काम (जुन काम गर्न मन्त्री भए पनि नभए पनि फरक पर्दैन) बाहेक परिणाममुखी काम गर्न सम्भव छैन । किनभने, हाम्रा मन्त्रालयहरूको क्षमता, संस्थागत संरचना, मन्त्रीहरूकै वैधानिकता, कर्मचारीहरुको काम गर्ने शैली र संस्कारमा समस्या मात्र छन् ।

यस्तो सरकारमा रहेका चतुरे मन्त्रीहरूले गर्ने काम भनेको धारावाहिक रूपमा निर्देशन दिइरहने र आफूलाई पपुलिज्मको वरिपरि घुमाइरहने हो । उदाहरणको लागि, पूर्व पर्यटन मन्त्री सुदन किराती लगायतले गठबन्धनका मन्त्रीहरु कसरी पपुलर हुनसक्छन् भनेर मार्ग निर्देशन गरिसकेका छन् । यो मार्गमा रास्वपा अरु दलका मन्त्रीहरु भन्दा अगाडि दौडिनेछ । चुनाव अगाडि बाचापत्र मार्फत आफूले निर्माण गर्न खोजेको राजनैतिक आधार र सीमा मिचेर गठबन्धनको राजनीतिमा सामेल रास्वपा कुन अर्थमा भोलिको विकल्प र जिम्मेवार राजनीतिक दल बन्न सक्ला ? यो प्रश्नको जवाफ नमिल्दै रास्वपा अस्त पनि हुनसक्छ । *(स्रोतः अनलाईनखबर)*

# मुख्य न्यायाधीवक्ताको कार्यालयले स्थापना दिवस मनायो

समाज संवाददाता

हेटौंडाः मुख्य न्यायाधीवक्ताको कार्यालय बागमती प्रदेशले ७ औं स्थापना दिवस मनाएको छ । जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा कार्यक्रमको आयोजना गर्दै सातौं स्थापना दिवस मनाएको हो ।

कार्यक्रममा जिसस प्रमुख घलानले प्रदेश व्यवस्थित हुन जरुरी रहेको बताउनुभयो । संविधानले प्रदान गरेका अधिकारलाई संस्थागत गर्नका लागि प्रदेशलाई बलियो बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। स्थानीय तहजस्तै प्रदेशको पनि स्थायित्व आवश्यक रहेको उहाँको धारणा थियो ।

कार्यक्रममा बोल्दै बागमती प्रदेशका मुख्य न्यायाधीवक्ता ज्ञानेन्द्र नेपालले प्रदेश मातहत कारागार नहुँदा प्यारोल बोर्डले काम गर्न नसकेको बताउनुभएको छ । बोर्डले काम गर्ने वातावरण बन्ने हो भने परम्परागत दण्ड प्रणालीको सट्टा सुधारात्मक प्रणाली विकास हुने उहाँले अपेक्षा गर्नुभयो । उहाँले अब कारागारको संख्या थप गर्न नहुने बताउनुभयो ।

स्थापना दिवसको अवसरमा कार्यालयले आयोजना गरेको निबन्ध प्रतियोगितामा सुर्खेतका ओमप्रकाश चालिसे प्रथम हुनुभएको छ । प्रथम हुनुभएका चालिसेलाई सोमबार आयोजित स्थापना दिवसको कार्यक्रममा नगद दश हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगितामा बारा सिम्रनगढका रितिक यादव द्वितीय तथा सर्लाहीका कृष्णध्वज बस्नेत तृतीय भएका छन् । उनीहरुले क्रमशः नगद ७ हजार र ५ हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिामा बैतडीका बासुदेव नाथ र पर्वतकी शुभेच्छा पन्तको निबन्धले सान्त्वना स्थान हासिल गरेको छ । उहाँहरुलाई जनही नगद ४ हजार रुपैयाँ प्रदान गरिएको छ। 'संघीयताको सुदृढीकरणमा मुख्य न्यायाधीवक्ताको भूमिका' विषयक निबन्ध प्रतियोगितामा देशभर बाट ६७ प्रतियोगीले सहभागिता जनाएको उपन्याधीवक्ता उदयचन्द्र अधिकारीले जानकारी दिनुभयो ।

प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारको रुपमा रही संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीसमेतलाई कानुनी राय सल्लाह उपलब्ध गराउन मुख्य न्यायाधीवक्ताको कार्यालय स्थापना गरिएको हो ।


## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

### हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः गोपी बहादुर थापासमेत तीनजना    जग्गाधनीः मन कुमारी थापा मगर ।

जिल्ला मकवानपुर साविक कुलेखानी गा.वि.स. वडा नं. ६ हाल इन्द्रसरोवर गा.पा. २ बस्ने गोपी बहादुर थापा मगर समेतको माग निवेदन फिल्डनुक जग्गावालाको नाम, थर, वतन व्यहोरा बमोजिम मनकुमारी थापा मगर प. टोड्के वाड नं. ६ पति एक बहादुर उल्लेख भएको । मनकुमारी थापा मगरको मिति २०५१।१०।१५ मा मृत्यु भएको, निजको श्रीमान एक बहादुर थापा मगरको मिति २०२७।०९।२७ मा मृत्यु भएको, निजहरुको सम्बन्धबाट तिन छोराहरु गोपी बहादुर थापा मगर, तोप बहादुर थापा मगर र प्रेम बहादुर थापा मगर भएकोले हाम्रो आमाको नाममा कायम रहेको फिल्डवुक अनुसार टोड्के गा.वि.स वडा नं ६ को कि.नं. १५५ ज.रो ४-७-०-० जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार गोपी बहादुर थापा मगर, तोप बहादुर थापा मगर, प्रेम बहादुर थापा मगरसमेत तिन जनाको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदारहरु बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो प्रकाशित गरिएको छ ।

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

### हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः शम्भु बस्नेत समेत दुई जना    जग्गाधनीः उग्र बहादुर बस्नेत

जिल्ला मकवानपुर साविक चितलाङ गा.वि.स. वडा नं. ९ हाल थाहा नगरपालिका १० बस्ने शम्भु बस्नेत समेतको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं. चितलाङ वार्ड ९ बस्ने उग्र बहादुर बस्नेतको हो भनी प्रमाणित गर्ने वा.स. भनी उल्लेख भएको उग्र बहादुर बस्नेतको मिति २०३९।०५।१५ मा मृत्यु भएको निजको एकमात्र श्रीमति इन्द्र कुमारी बस्नेतको मिति २०२५।१२।२० मा मृत्यु भएको, निजहरुको सम्बन्धबाट कुनै सन्तानको पनि जायजन्म नभएको उग्र बहादुर बस्नेतको भाइ बीर बहादुर बस्नेत भएकोमा निजको मिति २०२१।०३।१५ मा मृत्यु भएको निजको एकमात्र श्रीमति साइली बस्नेतको मिति २०१०।०५।०२ मा मृत्यु भएको निजहरुका हकदार दुइ छोराहरु युव बहादुर बस्नेत र गंगा बहादुर बस्नेत भएकोमा कान्छा छोरा गंगा बहादुर बस्नेतलाई मिति २०१९।०३।२१ मा मृतक उग्र बहादुर बस्नेतले जग्गा उपभोग गर्न बकस पत्र दिएकोमा गंगा बहादुर बस्नेतको मिति २०५६।०१।२६ मा मृत्यु भएको निजको हकदार दुइ श्रीमतिहरु लेख कुमारी बस्नेत र सानुमैया बस्नेत भएकोमा लेखकुमारी बस्नेतको मिति २०२५।०७।०६ मा मृत्यु भएको निजहरुको सम्बन्धबाट दुइ छोराहरु शम्भु बस्नेत र राम बहादुर बस्नेत भएकोमा राम बहादुर बस्नेतको मिति २०६४।०६।०९ मा मृत्यु भएको निजको एकमात्र हकदार श्रीमति शुशिला थापा भएको, कान्छी श्रीमति सानुमैया बस्नेतको मिति २०७८।११।२८ मा मृत्यु भएको निजहरुको सम्बन्धबाट दुइ छोरीहरुको जायजन्म भएकोमा दुवैको विवाहदान भैसकेकोले फिल्डबुक अनुसार चितलाङ गा.वि.स वडा नं ९ को कि.नं. ६४८ ज.रो २-१-३-२ जग्गाको पुर्जा प्राप्त नभएकाले शम्भु बस्नेत र शुशिला थापा समेत दुइ जनाको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

### हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः हरि बस्नेत समेत चारजना    जग्गाधनीः बीर बहादुर बस्नेत

जिल्ला मकवानपुर साविक चितलाङ गा.वि.स. वडा नं. ९ हाल थाहा नगर पालिका १० बस्ने हरि बस्नेत समेतको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं. चितलाङ वार्ड ९ बस्ने बीर बहादुर बस्नेतको नम्बरी हो निज परलोक हुदाँ हकखाने छोरा युव बहादुर र गंगा बहादुर हो भनी प्रमाणित गर्ने उल्लेख भएको बीर बहादुर बस्नेतको मिति २०२१।०३।१५ मा मृत्यु भएको निजको एकमात्र श्रीमति साइली बस्नेतको मिति २०१०।०५।०२ मा मृत्यु भएको, निजहरुका हकदार दुइ छोराहरु युव बहादुर बस्नेत र गंगा बहादुर बस्नेत भएकोमा युव बहादुर बस्नेतको मिति २०६२।०३।१० मा मृत्यु भएको निजको एकमात्र श्रीमति नानीमैया बस्नेतको मिति २०७७।०९।१४ मा मृत्यु भएको निजहरुको सम्बन्धबाट हकदार दुइ छोराहरु हरि बस्नेत र विष्णु बहादुर बस्नेत भएको ज.ध का कान्छा छोरा गंगा बहादुर बस्नेतको मिति २०५६।०१।२६ मा मृत्यु भएको निजको हकदार दुइ श्रीमतीहरु लेख कुमारी बस्नेत र सानुमैया बस्नेत भएकोमा लेखकुमारी बस्नेतको मिति २०२५।०७।०६ मा मृत्यु भएको निजहरुको सम्बन्धबाट दुइ छोराहरु शम्भु बस्नेत र राम बहादुर बस्नेत भएकोमा राम बहादुर बस्नेतको मिति २०६४।०६।०९ मा मृत्यु भएको निजको एकमात्र हकदार श्रीमति शुशिला थापा भएको, कान्छी श्रीमति सानुमैया बस्नेतको मिति २०७८।११।२८ मा मृत्यु भएको निजहरुको सम्बन्धबाट दुइ छोरीहरुको जायजन्म भएकोमा दुवैको विवाहदान भैसकेकोले फिल्डवुक अनुसार चितलाङ गा.वि.स वडा नं ९ को कि.नं. ५६२ ज.रो ३-१५-१-१ जग्गाको पुर्जा प्राप्त नभएकाले हरि बस्नेत, विष्णु बहादुर बस्नेत, शम्भु बस्नेत, शुशिला थापा समेत चार जनाको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदारहरु बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

### १५ नम्बर वडाध्यक्ष कप फुटबल प्रतियोगिता

# वडा नम्बर ८ र १७ विजयी



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका १५ नम्बर वडा खेलकुद विकास समितिको आयोजनामा भएको अन्तरवडास्तरीय फुटबल प्रतियोगिताको पहिलो खेलमा वडा नम्बर ८ विजयी भएको छ । सोमबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको खेलमा वडा नम्बर ४ लाई टाइब्रेकरमा २-१ गोल अन्तरले पराजित गर्दै वडा-८ विजयी भएको हो ।

निर्धारित समयमा १-१ गोलको बराबरीमा रोकिएपछि नतिजाको लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । वडा ४ बाट मनोज लामाले पहिलो हाफको १९ औं मिनेटमा गोल गर्दै पहिलो अग्रता दिलाएका थिए । दोस्रो हाफको अन्तिम समयमा एक गोल गर्दै वडा-८ का खेलाडी व्यञ्जन घिमिरेले खेललाई बराबरीमा ल्याएका थिए ।

टाइब्रेकरमा वडा-८ बाट ५ जना खेलाडीले बल प्राहार गर्दा ३ जनाको प्रहार गोलमा परिणत भएको थियो भने वडा ४ बाट २ जनाले प्रहार गरेको बलमात्र गोलमा परिणत भएको थियो । खेलको म्यान अफ द म्याच वडा-८ का गोलरक्षक निकेश भुजेल घोषित भएका छन् ।

सोमबार भएको दोस्रो खेलमा वडा नम्बर १७ ले वडा नम्बर ६ लाई टाइब्रेकरमा ५-४ गोलले पराजित गर्दै विजयी भएको हो । निर्धारित समयमा १-१ गोलको बराबरीमा रोकिएर खेल टाइब्रेकरमा पुगेको थियो । टाइब्रेकरमा पनि ३-३ गोलको बराबरीमा रोकिएर खेल सडन डेथमा पुगेको थियो । सडन डेथमा दुबै टिमबाट ५-५ जना खेलाडीहरुले बल प्रहार गर्दा ३ जनाको प्रहारमात्र गोलमा परिणत भएको थियो । सडन डेथमा वडा-८ बाट २ जनाले बल प्रहार गर्दा १ जनाको प्रहारमात्र गोलमा परिणत भएको हो ।

#### आइतबारको खेलमा ५ र ७ नम्बर वडाको विजयी सुरुवात

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा जारी दोस्रो संस्करणको अन्तरवडास्तरीय १५ नम्बर वडाध्यक्ष कप फुटबल प्रतियोगितामा वडा-५ विजयी भएको छ । आइतबार भएको खेलमा वडा-११ लाई टाइब्रेकरमा ३-१ गोलले हराउँदै वडा नम्बर-५ ले विजयी सुरुवात गरेको हो ।

निर्धारित खेल समय गोलरहित बराबरीमा रोकिएपछि नतिजाको लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । वडा-११ बाट सुदीप लामाले प्रहार गरेको बल गोलमा परिणत भएको थियो भने राजेश घिमिरेको प्राहारलाई वडा-५ का गोलरक्षक समन सापकोटाले उत्कृष्ट प्रदर्शनी गर्दै बचाउ गरेका थिए । यस्तै, वडा-११ का खेलाडी युग स्याङ्तानले प्रहार गरेको बल पोष्टबाट बाहिरिएको थियो । वडा-५ बाट एन्जल महर्जन, सञ्जीव अर्याल र निरज ठकुरीले प्रहार गरेको बल गोलमा परिणत भएको थियो । खेलको म्यान अफ म्याच वडा-५ का गोलरक्षक सापकोटा घोषित भए ।

यस्तै, आइतबार भएको दोस्रो खेलमा वडा नम्बर ७ विजयी भएको छ । वडा नम्बर १० लाई २-० गोल अन्तरले हराउँदै वडा-७ ले विजयी सुरुवात गरेको हो । वडा ७ को जितमा सुजन लामाले २ गोल गरे । लामाले खेलको पहिलो र दोस्रो हाफमा गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच लामा नै घोषित भए ।

प्रतियोगिताअन्तर्गत् अब वडा ५ ले सेमिफाइनल प्रवेशका लागि बुधबार वडा-१२ सँग र वडा-७ ले १७ नम्बर र ६ नम्बरबीचको विजयी टिमसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाभित्रको १७ वटा वडाहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल चैत १८ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

### प्रदेशको भागबन्डा

# एमालेलाई कोशीसहित ३, माओवादीलाई २ मुख्यमन्त्री

काठमाडौंः प्रदेश सरकारको नेतृत्व भागबन्डामा सत्तारुढ दलहरु सहमति नजिक पुगेका छन् । माओवादी अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच सोमबार भएको भेटमा यसबारे कुराकानी भएको छ । अब बस्ने सत्ता साझेदार दलहरुको बैठकले भागबन्डा टुंगो लगाउने तयारी छ ।

सोमबार पार्टीको बागमती प्रदेश कमिटीको बैठकमा प्रचण्डले भनेका छन्, 'प्रदेश सरकारबारे भोलि बेलुकासम्म टुंगिन्छ ।' स्रोतका अनुसार कोशी, गण्डकी र कर्णाली प्रदेश सरकारको नेतृत्व एमालेले लिने तयारी छ । एक नेताका अनुसार कोशीमा एमालेले नेतृत्व गर्ने विषय टुंगिसकेको छ । ९३ सदस्यीय प्रदेशसभामा सत्ता गठबन्धनको बहुमत पनि छ । प्रदेशको सबभन्दा ठूलो दल एमालेका ४० प्रदेश सांसद छन् भने माओवादीका १३ र एकीकृत समाजवादीका ४ सांसद छन् । गठबन्धनसँग प्रष्ट बहुमत भए पनि सरकार गठन सहज छैन ।

यहाँ प्रदेशसभा निर्वाचन भएको एक वर्षमै ५ वटा सरकार बनिसकेको छ । सुरुमा एमाले, माओवादी गठबन्धनबाट एमाले संसदीय दलका नेता हिक्मत कार्की मुख्यमन्त्री बने । केन्द्रमा गठबन्धन फेरिएपछि नेपाली कांग्रेसका उद्धव थापा दुई पटक मुख्यमन्त्री भए । दुवै पटक सर्वोच्च अदालतले पदमुक्त गरेपछि एमालेका कार्की अल्पमतको मुख्यमन्त्री बने । उनले पनि विश्वासको मत लिन नसकेपछि संविधानको धारा १६८(५) अनुसार कांग्रेसका केदार कार्की मुख्यमन्त्री बने ।

कांग्रेसबाट विद्रोह गरेका उनलाई एमालेले समर्थन गरेर मुख्यमन्त्री बनाएको थियो । तर अहिले केन्द्रको सत्ता समीकरण फेरिएसँगै एमाले आफ्नो नेतृत्वमा सरकार बनाउन चाहन्छ, तर आफैंले बनाएका मुख्यमन्त्री बाधक बनेका छन् । केदार कार्की राजीनामा नदिने अडानमा छन् । आफूले राजीनामा दिए प्रदेशसभा विघटनमा जाने र मध्यावधि निर्वाचन हुने उनको तर्क छ । त्यही कारण माओवादी र एकीकृत समाजवादीले सरकार छाडेका छैनन् । नयाँ गठबन्धन बनेसँगै मुख्यमन्त्री कार्कीको राजीनामा मागेको एमाले नेताहरुले भने १६८(५) अनुसार नै नयाँ सरकार बन्ने दाबी गरिरहेका छन् ।

गण्डकीमा पनि एमाले-माओवादी गठबन्धनलाई सरकार बनाउन सहज देखिएको छैन । कांग्रेस संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले बहुमत जुटाउने प्रयासमा छन् । उनले स्वतन्त्र चुनाव जितेर एकीकृत समाजवादी प्रवेश गरेका दीपक मनाङेलाई भौतिक पूर्वाधारमन्त्री बनाएका छन् भने दुई प्रदेश सांसद भएको राप्रपाको समर्थन लिने प्रयास गरेका छन् । आफू स्वतन्त्र सांसद भएको मनाङेको दाबी सदर भएमा एमाले-माओवादी संकटमा पर्नेछन् ।

६० सदस्यीय प्रदेशसभामा बहुमतका लागि ३१ मत चाहिन्छ । एमालेसँग २२ र माओवादी केन्द्रसँग (सभामुख सहित) ८ प्रदेश सांसद छन् । सबभन्दा ठूलो दल नेपाली कांग्रेसका २७ प्रदेश सांसद छन् भने राप्रपाका २ र दीपक मनाङे छन् । ४० सदस्यीय प्रदेशसभा भएको कर्णालीमा माओवादी संसदीय दलका नेता राजकुमार शर्मा मुख्यमन्त्री छन् । एमाले-माओवादी गठबन्धनसँग सहज बहुमत छ । माओवादीसँग १३ र एमालेसँग १० सांसद छन् । माओवादीले शर्मालाई निरन्तरता दिन चाहे पनि यो पटक एमालेले लिने सहमति नजिक रहेको नेताहरु बताउँछन् । नेताहरुका अनुसार बागमती र लुम्बिनीको मुख्यमन्त्री माओवादी केन्द्रले लिने सम्भावना छ । बागमतीमा माओवादी संसदीय दलका नेता शालिकराम जम्कट्टेल मुख्यमन्त्री छन् । एमालेको समर्थनका बाबजुद उनलाई बहुमत जुटाउन भने सहज छैन । ११० सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५६ मत चाहिन्छ । एमालेका २७, माअरुोवादीका २१ र एकीकृत समाजवादीका ७ प्रदेश सांसद छन् । *(स्रोतः अनलाइतखबर)*

TRUENARY SOLUTIONS
WE ARE HIRING
Journalism & Mass Communication Interns
*Requirements :*
- Strong passion for news and current events.
- Excellent research and analytical skills.
- Proactive attitude with a desire to learn and grow professionally.
- Pursuing bachelor degree in journalism, media studies, communications, or related field.

*Deadline: Chaitra 15th, 2080*
Interested candidates can drop their CV at
***contact@truenary.com***
Hetauda-4, Ajaramar Road
9801331603

# एकदिवसीय क्रिकेटमा मकवानपुरका रिजन सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः नेपाल एकदिवसीय क्रिकेट श्रृंखलामा मकवानपुरका रिजन ढकाल सहभागी हुँदैछन् । नेपाल एकदिवसीय क्रिकेट श्रृंखलाको पहिलो टी-२० सिरिजमा मकवानपुरका ढकाल सहभागी हुने भएका हुन् ।

नेपाल क्रिकेट संघक (क्यान)ले आयरल्याण्ड 'ए' सँग खेल्न नेपाल टिमको २ १५ सदस्यीय टोली घोषणा गर्दा एकदिवसीय श्रृंखलाका लागि मकवानपुरका ढकाल छनोट भएका हुन् । एकदिवसीय खेलअन्तर्गत् श्रृंखलाको पहिलो खेल चैत २१ गते, दोस्रो खेल २३ गते र अन्तिम खेल २५ गते हुने जनाइएको छ ।

शृंखलाको सिनियर टिमले सोमबार र मंगलबार आयरल्यान्ड 'ए' सँग खेल्नेछ । एक दिवसीय श्रृंखलामा विनोद भण्डारी, अर्जुन कुमाल, देव खनाल, नरेन्द्र भट्ट, भीम सार्की, अर्जन साउद, आरिफ शेख, बसिर अहमद, कुमाल सिंह, साहव आलम, रञ्जित कुमाल, रुपेश सिंह, रिजन ढकाल, विकास अगिरा र मौसम ढकाल रहेका छन् ।

# पाँच क्रिकेटरले पाए सफाइ

काठमाडौंः नेपाली क्रिकेटमा स्पट फिक्सिङको आरोप लागेका पाँच क्रिकेटरले अदालतबाट सफाइ पाएका छन् । स्पट फिक्सिङको आरोप लागेका खेलाडी तथा व्यवस्थापक गरी पाँच जनाले काठमाडौं जिल्ला अदालतबाट सफाइ पाएका हुन् । काठमाडौं जिल्ला अदालतका न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले स्पट फिक्सिङको आरोप लागेका क्रिकेट खेलाडी र व्यवस्थापकविरुद्ध नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गरेको दाबी नपुग्ने भन्दै सफाइ दिने फैसला गरेको हो ।

काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी चन्द्रप्रसाद पन्थीले क्रिकेटमा स्पट फिक्सिङको आरोप लागेका पाँच जना प्रतिवादीले सफाइ पाएको जानकारी दिए । 'पाँच जना प्रतिवादी थिए । न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासबाट अभियोग दाबी नपुग्ने फैसला भएको छ । सबै जनाले सफाइ पाएका छन्,' पन्थीले भने ।

गतवर्षको नेपाल टी- २० लिगमा स्पट फिक्सिङको आरोपमा नेपाली राष्ट्रिय टोलीका पूर्व खेलाडी महबुब आलम, राष्ट्रिय खेलाडी आदिल अन्सारीसहित टिम व्यवस्थापक र टिम मालिक रहेकाहरू नितेश गुप्ता, नवीन कँडेल र रवि माझीविरुद्ध सीआईबीले मुद्दा दायर गरेको थियो । गुप्ता, आलम र अन्सारीलाई सीआईबीले पक्राउ गरेको थियो । उनीहरू अदालतबाट धरौटीमा छुटेका थिए । कँडेल र माझी फरार भएका थिए । *(स्रोतः इकान्तिपुर)*

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

- **आफूले प्रयोग गर्ने मोबाइल,कम्प्युटरजस्ता विद्युतीय उपकरण सधै लगआउट गरौं ।**
- **अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।**
- **साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक संजालमा राख्नु अघि अनुमति लिऔं ।**
- **अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।**
- **सामाजिक संजालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ ।**
- **सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक संजालमा नगरौं ।**
- **सामाजिक संजालमा देखिएका भ्रामक आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।**
- **कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।**
- **शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।**
- **सामाजिक संजालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

सुपर तल्लो बाग्मती जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*(सूचना प्रकाशित मितिः २०८०/१२/१३ गते)*

बाग्मती प्रदेशको मकवानपुर जिल्लाको बाग्मती गाउँपालिका र बकैया गाउँपालिका र मधेश प्रदेशको रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकामा सुपर बाग्मती हाइड्रोपावर लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सुपर बाग्मती हाइड्रोपावर लिमिटेड ललितपुर १०, कुपण्डोल<br>फोन नम्बरः ०१-५४२९१७६<br>ईमेलः hydropower@gmail.com |
| प्रस्तावको व्यहोरा | सुपर बाग्मती हाइड्रोपावर लि. द्वारा प्रस्तावित सुपर तल्लो बाग्मती जलविद्युत आयोजना ४१.८६ मेगावाट सञ्चालनबाट उत्पादित विद्युतलाई बागमती प्रदेशको मकवानपुर जिल्लाको बागमती गाउँपालिका वडा नं. ५ स्थित बगेरी गाउँ नजिकै प्रस्तावित विद्युत गृहको स्विचयार्ड देखि मधेश प्रदेशको रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका वडा नं. ४ स्थित नेपाल विद्युत प्राधिकरणको चन्द्रनिगाहपुर सबस्टेसन सम्म करिब ३०.३४ किलोमिटर लामो १३२ के.भि. को single circuit overhead विद्युत प्रसारण लाईन र करिब ३५० मिटर भूमिगत विद्युत प्रसारण लाईन आयोजना निर्माण गर्न लागिएको हो । उक्त प्रसारण लाइनको विद्युत मार्गको अधिकार क्षेत्र १८ मिटर रहेको छ । यस प्रस्तावित आयोजनामा १०४ वटा टावरहरु रहनेछन् जसमध्ये बागमती गा.पा. मा ४४ वटा टावरहरु, बकैया गा.पा. मा २३ वटा टावरहरु र चन्द्रपुर न.पा. मा ३७ वटा टावरहरु पर्दछन् । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | मकवानपुर जिल्लाको बाग्मती गाँउपालिका वडा नं. ३, ४, ५, र ७ र बकैया गाँउपालिका वडा नं. १ र २<br>रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका वडा नं. ३ र ४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| सुपर बाग्मती हाइड्रोपावर लिमिटेड<br>ललितपुर १०, कुपण्डोल<br>फोन नम्बरः ०१-५४२९१७६<br>पोष्ट बक्स नः १०२१८<br>ईमेलः hydropower@gmail.com | जेड कन्सल्ट प्राइभेट लिमिटेड<br>काबिल मार्ग, घर नं. ४२/३४<br>थापाथली, काठमाण्डौं, नेपालपोष्ट बक्स नं.: ७४६<br>फोन नम्बरः +९७७१४२४७२३७<br>फ्याक्सः +९७७१४२३२१७१<br>http://www.jadeconsult.com.np |

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ